

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २० गते आइतबार ❑ 3 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पञ्चकोटको पहिचान देशविदेशमा स्थापित हुँदै गएको छ : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बागलुङको सर्वसिद्धिधाम पञ्चकोटको पहिचान देशविदेशमा स्थापित हुँदै गएको बताउनुभएको छ । पञ्चकोटमा आयोजित 'अनन्तश्री ब्रह्माण्डीय महायज्ञ'मा शनिबार सम्बोधन गर्दै उहाँले बागलुङको समग्र विकासमा पञ्चकोटले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो ।



"सर्वसिद्धिधाम पञ्चकोट र कुँडुलेफेँदीको शालिग्राम सङ्ग्रहालय विशिष्ट धार्मिक तथा पर्यटकीय गन्तव्यस्थलका रूपमा परिचित छन्", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यस्ता महायज्ञ सञ्चालनले देवस्थल तथा तीर्थस्थलका महत्वका विषयमा मानिसमा अध्यात्मिक चेतना अभिवृद्धि भई धर्म, संस्कार र संस्कृतिको संरक्षणमा टेवा पुग्छ ।" धार्मिक तथा सांस्कृतिकस्थलमा हुने आन्तरिक तथा बाह्य पर्यटकको आगमनले मुलुकको समग्र विकासमा योगदान पुग्ने उहाँको भनाइ छ ।

प्रधानमन्त्री दाहालले भौतिक विकासमा दौडिरहेको वर्तमान विश्वमा अध्यात्मिक चिन्तनको विकास गर्न नसके समाजमा स्थायी शान्ति प्राप्त नहुने धारणा राख्नुभयो । उहाँले संस्कारसहितको व्यावहारिक शिक्षा अहिलेको आवश्यकता रहेकामा जोडदिनुभयो।ऋषि,महर्षिकोपवित्र भूमि नेपालका बासिन्दा पैसाकै लागि विदेशिनुपर्ने बाध्यताको अन्त्य गर्नुपर्ने प्रधानमन्त्री प्रचण्डले बताउनुभयो । धार्मिक ज्ञानका माध्यमबाट सामाजिक रुपान्तरणमा सर्वसिद्धिधाम पञ्चकोटका सङ्कल्पकर्ता स्वामी कमलनयनाचार्यले पुर्‍याएको योगदानको उहाँले प्रशंसा गर्नुभयो । "शिक्षा, स्वास्थ्य, पर्यावरणलगायत क्षेत्रको प्रवर्द्धनमा स्वामीज्यूले पुर्‍याउनुभएको योगदानको म उच्च प्रशंसा र कदर गर्दछु", प्रधानमन्त्री दाहालले भन्नुभयो, "त्रिवेणी क्षेत्रको गजेन्द्रमोक्षधामदेखि मुक्तिनाथ र दामोदर कुण्डसम्मको विकासमा स्वामीज्यूको लिनुभएको पहल विशिष्ट छ । कालीगण्डकी नदीमा मात्र पाइने शालिग्राम शिलाको संरक्षणमा उहाँले खेल्नुभएको भूमिका उल्लेखनीय छ ।"

प्रधानमन्त्री प्रचण्डले बागलुङ, म्याग्दी हुँदै मुस्ताङको कोराला नाका जोड्ने सडकको स्तरोन्नतिका लागि सरकारले आगामी नीति, कार्यक्रम र बजेटमा प्राथमिकता दिने प्रतिबद्धता जनाउनुभयो । सर्वसिद्धिधाम पञ्चकोटसहित मुक्तिनाथ क्षेत्रको समग्र विकासमा उक्त सडकले महत्वपूर्ण टेवा पुग्ने उहाँको भनाइ छ । स्वामी कमलनयनाचार्यले धार्मिक पर्यटनको विकासमा सरकारको सहयोग चाहिएको बताउनुभयो । उहाँले चीन जोड्ने कोरोला नाका सञ्चालन हुन सकेमा मुलुकको समृद्धिमा ठूलो टेवा पुग्ने उल्लेख गर्नुभयो । "मुक्तिनाथ क्षेत्र हुँदै मानसरोकारको यात्रा गर्न सकिने अवस्था सिर्जना गर्न सकियो भने धार्मिक पर्यटनका माध्यमबाट देशले ठूलो लाभ लिन सक्छ, यसतर्फ सरकारको ध्यान जाओस्", उहाँले भन्नुभयो । स्वामी कमलनयनाचार्यले जनस्तर र सरकारी क्षेत्रको साथ र सहयोगबाट पञ्चकोटले नयाँ स्वरुप पाएको बताउनुभयो । उहाँले व्यवस्थित सडक, खानेपानी र पार्किङस्थलको व्यवस्थापनमा सरकारका निकायको सहयोग आवश्यक रहेको धारणा राख्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सर्वसिद्धिधाम पञ्चकोट पवित्र देवभूमिका रूपमा स्थापित भइरहेको बताउनुभयो । पञ्चकोटको विकासमा सहयोगी बन्न निजी क्षेत्र तयार रहेको उहाँको भनाइ छ । सभ्यताको जननी कालीगण्डकी नदी र शालिग्रामको संरक्षणका लागि स्वामी कमलनयनाचार्यले सञ्चालन गरेको अभियान अनुकरणीय रहेको अध्यक्ष ढकालले बताउनुभयो । "पञ्चकोटलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न सरकारले विशेष कार्ययोजना ल्याओस् भन्ने हाम्रो अनुरोध छ । यसमा हातेमालो गर्न हामी बागलुङवासी पनि प्रतिबद्ध छौँ", उहाँले भन्नुभयो, "धार्मिक तथा पर्यटकीय गन्तव्यस्थलको विकासले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सकिन्छ, पर्यटनमार्फत समग्र देशको आर्थिक विकासमा टेवा पुग्छ ।"

अध्यक्ष ढकालले देशका सातै प्रदेशमा एकीकृत पर्यटकीय पूर्वाधार निर्माणमा आफूहरू लागिपरहेको बताउनुभयो । नेपाललाई प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटकीयस्थलका रूपमा विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

## नेपालले नेदरल्यान्ड्सलाई ६ विकेटले हरायो

**रासस**
काठमाडौं, १९ फागुन

राजधानीमा जारी त्रिकोणात्मक टी-२० सिरिजअन्तर्गत शनिबार भएको खेलमा नेपालले नेदरल्यान्ड्लाई ६ विकेटले पराजित गरेको छ ।

जितका लागि एक सय २१ रनको सामान्य लक्ष्य पछ्याएको नेपालले १५ दशमलव २ ओभरमा ४ विकेट गुमाएर भेट्टायो । नेपालको जितमा कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ४६ रनको योगदान दिए । उनले ३४ बलमा तीन चौका र एक छक्काको मद्दतले सर्वाधिक ४६ रनको योगदान गरेका हुन् । त्यसैगरी गुल्सन झाले ३८, कुशल भुर्तेलले १२ र आसिफ




सेखले ८ रन जोडे ।

नेदरल्यान्ड्सका लागि भिभियन किंगमाले तीन विकेट लिए भने आर्यन दत्तले एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित टियु अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय लिएको नेदरल्यान्ड्सले १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै एक सय २० को योगफल बनाएको थियो । नेदरल्यान्ड्सका लागि म्याक्स ओडोउडले २४ बलमा चार चौका र एक छक्काको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पूर्वमन्त्री कोइरालाको 'अमरगाथा' प्रकाशित

**पोखरापत्र संवाददाता**
दमौली, १९ फागुन

नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री आशा कोइरालाको पुस्तक 'अमरगाथा' प्रकाशित भएको छ । जनयुद्धका क्रममा तनहुँ जिल्लामा सहादत प्राप्त गर्ने सहिद तथा बेपत्ता योद्धाहरूको जीवनीमा आधारित 'अमरगाथा' पुस्तकको आज विमोचन गरिएको हो ।

जनयुद्ध अध्ययन प्रतिष्ठान तनहुँले दमौलीमा आयोजना गरेको कार्यक्रममा नेकपा (माओवादी) केन्द्रका महासचिव देवप्रसाद गुरुङले उक्त पुस्तकको विमोचन गर्नुभयो । पुस्तकमा तनहुँमा सहादत प्राप्त गर्ने ६५ र बेपत्ता १५ गरी ८० जना सहिद तथा बेपत्ताको जीवनी समावेश गरिएको जनाइएको छ । नेकपा (माओवादी) केन्द्र तमुवान राज्य समितिबाट प्रकाशित वासु सन्देश, स्थानीय शान्ति समितिबाट प्रकाशित शान्ति स्मारिका, सहिद र




बेपत्ता योद्धाहरूको सम्भव भएसम्म घरै पुगेर परिवारसँग गरिएको कुराकानी र जानकारीका आधारमा पुस्तक प्रकाशन गरिएको कोइरालाले जानकारी दिनुभयो ।

पुस्तकमा सोतीवेशीका होमनाथ अधिकारी र गोमा अधिकारीका दुई छोरा भरतचन्द्र अधिकारी, गजेन्द्र अधिकारी, छोरी इन्दु अधिकारी र बुहारी कलावती अधिकारी गरी चार जनाको बलिदान भएको हृदयविदारक कथासमेत समेटिएको कोइरालाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "निर्ममतापूर्वक मार्ने, जबर्जस्ती बेपत्ता पार्ने, अमानवीय यातना दिने, हिरासत र जेलमा बन्दी बनाउने, घरमा बसेकालाई समेत डर, त्रास सिर्जना गर्नेजस्ता क्रियाकलाप जनयुद्धका क्रममा भए । मुक्ति र परिवर्तनको चाहना राख्नेहरू अगाडि


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कोरोला नाका पूर्णरूपमा सञ्चालन गर्न प्रधानमन्त्रीसमक्ष आग्रह

**रासस**
बागलुङ, १९ फागुन

नेपाल-चीन जोड्ने मुस्ताङको कोराला नाका पूर्णरूपमा सञ्चालनमा ल्याउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष माग गरिएको छ ।

अन्तरदेशीय व्यापार र पर्यटन प्रवर्द्धनका लागि सो उत्तरी नाका नियमित सञ्चालनका लागि पहल थाल्न सरकारको ध्यानाकर्षण गराइएको हो । आज बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा आयोजित 'अनन्तश्री ब्रह्माण्डीय महायज्ञ'मा सहभागी प्रधानमन्त्री दाहालसमक्ष नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको विकास र समृद्धिका लागि कोरालानाकानियमितसञ्चालनमा ल्याउनुपर्ने बताउनुभयो । उहाँले केही समयअघि भएको चीन भ्रमणका क्रममा कोरोलालगायत नेपालसँगका उत्तरी नाका सञ्चालनमा प्रधानमन्त्रीले लिनुभएको पहलप्रति आभार व्यक्त गर्दै कोराला नाका छिट्टै पूर्णरूपमा सञ्चालनमा आउनेमा विश्वास व्यक्त गर्नुभयो । "कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग आयोजनालाई समयमै सम्पन्न गर्न सकिएमा कोराला नाकालाई सक्रिय र सहजरूपमा सञ्चालनमा ल्याउन सकिन्छ, यसतर्फ प्रधानमन्त्री र सरकारको विशेष ध्यान जानेछ भन्ने हाम्रो विश्वास छ", अध्यक्ष ढकालले भन्नुभयो । पञ्चकोटबाट मुक्तिनाथ हुँदै कोरोला नाका जोड्ने सडक निर्माणलाई उच्च प्राथिमकता राख्न उहाँले प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभयो । विश्वका सनातन अनुयायीहरूको आस्थाको केन्द्र मुक्तिनाथ रहेको भन्दै अध्यक्ष ढकालले त्यस क्षेत्रलाई सांस्कृतिक, प्राकृतिक एवं धार्मिक सम्पदास्थलका रूपमा विकास गर्नुपर्ने अध्यक्ष ढकालले बताउनुभयो । पञ्चकोटमा निर्माण थालनी भएको विश्वशान्ति कलशको पूर्णताका लागि सरकारको सहयोगको अपेक्षा लिइएको उहाँको भनाइ छ । सर्वसिद्धिधाम पञ्चकोटका सङ्कल्पकर्ता स्वामी कमलनयनाचार्यले चीन जोड्ने कोरोला नाका सञ्चालन हुनसकेमा मुलुकको समृद्धिमा ठूलो टेवा पुग्ने उल्लेख गर्नुभयो ।

"मुक्तिनाथ क्षेत्र हुँदै मानसरोकारको यात्रा गर्न सकिने अवस्था सिर्जना गर्न सकियो भने धार्मिक पर्यटनका माध्यमबाट देशले ठूलो लाभ लिन सक्छ, यसतर्फ प्रधानमन्त्रीज्यूमार्फत सरकारको ध्यान जाओस्", उहाँले भन्नुभयो । कोरोला नाका जोड्ने सडक सुविधासम्पन्न हुनसकेमा समग्र मुक्तिक्षेत्रको विकासले गति लिने स्वामी कमलनयनाचार्यले बताउनुभयो । उहाँले जनस्तर र सरकारी क्षेत्रको साथ र सहयोगबाट पञ्चकोटले नयाँ स्वरुप पाएको बताउनुभयो । उहाँले व्यवस्थित सडक, खानेपानी र पार्किङस्थलको व्यवस्थापनमा सरकारका निकायको सहयोग आवश्यक रहेको धारणा राख्नुभयो । प्रधानमन्त्री दाहालले बागलुङ, म्याग्दी हुँदै मुस्ताङको कोराला नाका जोड्ने सडकको स्तरोन्नतिका लागि सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकता दिने प्रतिबद्धता जनाउनुभयो । "प्रधानमन्त्रीका


बाँकी अन्तिम पृष्ठमा ▶▶



### सवारी साधन व्यवस्थापनका लागि अनुरोध

- ◆काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं ।
- ◆सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं ।
- ◆शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा आर्ट ग्यालरीमा प्रादेशिक ललितकला प्रदर्शनी सुरु

पोखरापत्र संवाददाता
पोखरा, १९ फागुन




पोखराको महेन्द्रपुलबाट नयाँबजार पोखरामा स्थान्तरण गरिएको पोखरा आर्ट ग्यालरीमा प्रादेशिक ललितकला प्रदर्शनी सुरु भएको छ।

नयाँबजारमा स्थान्तरण भएको आर्ट ग्यालरी गण्डकी प्रज्ञा प्रतिष्ठानको सहयोगमा तयार भएपछि ललितकला प्रदर्शनी आयोजना गरिएको हो। गण्डकी प्रज्ञा-प्रतिष्ठानले आर्ट ग्यालरीमा ५० वटा लाइट र आवश्यक पर्ने थप सरसामान सहयोग गरेर प्रदर्शनी हललाई आर्कषक बनाएको छ। आगामी दिनमा थप सहयोग समेत गर्ने तयारी प्रतिष्ठान गण्डकीले गरेको जनाएको छ।

सोही प्रदर्शनी हलमा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र गण्डकी प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा सुरु भएको 'प्रथम ऐतिहासिक प्रादेशिक ललितकला प्रदर्शनी २०८०' फागुन २३ गतेसम्म सञ्चालन हुनेछ। सिर्जनशील कलाकार समुहसँगको सहकार्यमा यो प्रदर्शनी गरिएको हो। प्रदर्शनीको नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले एक कार्यक्रमकाबीच उद्घाटन गरे। "सामाजिक रुपान्तरण : ललितकलाको अभियान" भन्ने नाराका साथ आयोजना गरिएको प्रदर्शनीमा गण्डकी प्रदेशका ११ वटै जिल्लाका कलाकारका कुल ७४ वटा कला प्रदर्शनमा राखिएको गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिए। अवलोकनकर्ताले प्रदर्शनी अवधिभर हरेक दिन बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म प्रदर्शनीमा राखिएका कलाको अवलोकन गर्न पाउनेछन्। पाँच दिनसम्म चल्ने प्रदर्शनीको समापन फागुन २३ गते हुनेछ। समापनको दिनमा दिउँसो ३ बजे पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग संवाद कार्यक्रम समेत गरिनेछ। यो कार्यक्रमले आर्टग्यालरी लगायतका विषयमा सबैलाई थप प्रष्ट पार्ने आयोजकको विश्वास छ।

देशका सुप्रसिद्ध कलाकारको सहभागीतामा कार्यक्रम आयोजना भएकोले नयाँ तथा पुराना कलाकारको जमघट हुने ठाउँ प्रदर्शनी स्थल बन्ने आयोजकको अपेक्षा रहेको छ। प्रादेशिक प्रदर्शनीमा सामेल ललितकलालाई पुरस्कार समेत प्रदान गरिनेछ। सबै विधाबाट उत्कृष्ट हुने एकजनालाई ५० हजार रुपैयाँ, चित्रकला तर्फ परम्परागत चित्रकला र समसामयिक चित्रकला, मूर्तिकलातर्फ परम्परागत लोक मूर्तीकला र समसामयिक आधुनिक मूर्तिकला, शिल्पकला-हस्तकला, विद्यार्थी ललितकला प्रादेशिक पुरस्कार गरेर एक-एक जनालाई तथा लोककला, वास्तुकला तथा अन्य सिर्जनात्मक कला तर्फ दूई जनालाई पुरस्कृत गरिनेछ। सबै विधातर्फका विजेताले ३० हजार रुपैयाँ नगद हात पार्नेछन्।

यसका अलावा प्रदर्शनी मार्फत छानिएका चित्र २०८१ जेठ १५ गते काठमाडौंमा हुने राष्ट्रिय ललितकला प्रदर्शनीमा सहभागी हुनेछन्। राष्ट्रिय ललितकला प्रदर्शनीमा सर्वोत्कृष्ट बन्नेलाई १ लाख नगद र विधागत उत्कृष्ट बन्नेलाई ६० हजार रुपैयाँ नगद पुरस्कार रहेको छ। राष्ट्रिय ललितकला प्रदर्शनीमा सातै प्रदेशबाट छानिएका ललितकलाका बीचमा प्रतिष्पर्धा हुनेछ। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले आफुहरु प्रतिष्ठानमा आइसकेपछि परम्परागत शैलीमा सञ्चालन हुँदै आएका काम कारवाहीलाई व्यवस्थित गर्ने र प्रभावकारी बनाउने हेतुले थुप्रै योजना अगाडि सारेको बताए। 'जाती जनजातिको कला आज हामी देख्न पाउदैनौ, केही अपवाद बाहेक घरभित्र थन्कीएको छ, समुदायमा थन्कीएको छ, सुषुप्त हुन थालेको छ, त्यसलाई पुनर्जागरण गर्ने भनेका छौं' उनले भने। प्रदेश हुँदै स्थानीय तहसम्म पुग्ने आफूहरुको तयारी रहेको उनले खुलाए। समाजको तल्लो तहसम्म पुगेर समाजको तल्लो तहमा रहेको कलालाई माथि उठाउने योजनाका साथ आफूहरुले काम गरिरहेको उनको भनाई थियो। 'स्थानीय कला प्रदेश हुँदै केन्द्र र अन्तराष्ट्रिय स्तरमा पुऱ्याउने तथा अन्तराष्ट्रियबाट केन्द्र हुँदै प्रदेश अनि स्थानीय तहमा ल्याउनेछौ' उनले थपे। समाज रुपान्तरण गर्ने ललितकलाको भूमिका महत्वपूर्ण हुने भएकोले सोही अभियानका साथ आफूहरुले काम गर्न थालेको उनले सुनाए। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको वास्तु तथा अन्य सिर्जनात्मक विभाा प्रमुख समेत रहेकी कार्यक्रम संयोजक सौरगंगा दर्शनधारीले सबैको साथ सर्पोटको कारण पोखरामा प्रदर्शनी गर्न लागिएको बताइन्। गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले अबदेखि हरेक वर्ष १० दिने कला प्रदर्शनी गण्डकी प्रदेशमा आयोजना गरिने बताए। त्यसरी आयोजना गरिने प्रदर्शनी हरेक वर्ष प्रदेशका फरक-फरक जिल्लामा गर्ने तयारी गरिएको खुलाए।

गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्चीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा स्वागत सिर्जनशील कलाकार समुह पोखराका कार्यबहाक अध्यक्ष डिबी गुरुङले गरेका थिए।

# पोखरा मुग्लिङ सडक खण्ड स्तरउन्नतीको काम तिव्र गतिमा

पोखरापत्र संवाददाता
पोखरा, १९ फागुन



पृथ्वी राजमार्ग अन्तर्गत पर्ने पोखरा मुग्लिङ सडक खण्डको स्तरउन्नतीको काम तिव्र गतिमा भई रहेको छ। केही समय अघि देखि दुई खण्डमा सडक स्तरोउन्नतीको काम सुरु भए पनि हाल निकै उत्साहजनक रुपमा काम अघि बढेको पोखराका पर्यटन व्यवसायीहरुले बताउनु भएको छ।

शुक्रबार पोखराको पर्यटन व्यवसायीको छाता संस्था पोखरा पर्यटन परिषदको समन्वयमा पत्रकार र पर्यटन व्यवसायीहरु बिच भएको सडक अध्ययन अवलोकनको क्रममा पर्यटन व्यवसायीले हाल सडक स्तरोउन्नतीको काम निकै उत्साह पूर्ण ढंगले काम अघि बढेको परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो। केही समय अघि परिषदको समन्वयमा पोखरा मुग्लिङ सडक खण्डको निमार्ण कार्य निकै धिमे गतिमा भए पनि हाल केही ठाउँमा चार लेनको केही ठाँउमा दुई लेनको सहित पुल सहित सडक स्तरोउन्नतीको काम तिव्र गतिमा अघि बढेकोले यसलाई निरन्तरता दिन अध्यक्ष श्रेष्ठले आग्रह गर्नु भयो।

पृथ्वी राजमार्ग अन्तर्गतको मुग्लिङ-आबुखैरेनी-पोखरा सडकखण्डको स्तरोन्नतिको दोस्रो प्याकेजको ठेक्का चिनियाँ कम्पनी अनहुइ काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले पाएको हो भने एसियाली विकास बैंक (एडीबी)को ऋणमा बन्न लागेको यो सडकको स्तरोन्नतिका लागि आयोजनाले ७ अर्ब ४० करोड ४६ लाख रुपैयाँमा ठेक्का लगाएको हो।

गत वर्ष मंसिर ३ मा सडक स्तरोन्नतिका लागि सडक विभागको एडीबी सडक निर्देशनालयले बोलपत्र आह्वान गरेको थियो। गत वर्ष कात्तिकमा एडीबीको यसका लागि २२ अर्ब रुपैयाँ बराबर ऋण स्वीकृत गरेको थियो। सन् २०२५ सम्म निर्माण सम्पन्न हुने लक्ष्य लिइएको यो आयोजनामा पोखरादेखि आबुखैरेनीसम्मको ८१ किलोमिटर खण्ड चार लेनमा विस्तार हुने भएको हो। सरकारले पनि साढे ५ अर्ब लगानी गर्ने यो सडकको बाँकी ८ किलोमिटर खण्डमा पनि मर्मत हुने भएको छ। नेपालको पर्यटकीय गन्तव्य पोखरा देखि काठमाडौंसम्मको दुरी २ सय किलोमिटरको टाडा रहेको छ। मुग्लिन-पोखरा सडक खण्ड अन्तर्गतको आँबुखैरेनी-जामुन्ने खण्डको स्तरोन्नतिको काम चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले गरिरहेको छ।

गत डिसेम्बरमा चिनियाँ कम्पनीले ६ अर्ब २१ करोड ३१ लाख १३ हजार रुपैयाँमा मुग्लिन-पोखराको निमाण गर्ने जिम्मा सडकअन्तर्गतको पूर्व खण्ड आँबुखैरनी-जामुने सडक निर्माणको जिम्मा पाएको थियो।

मुग्लिन देखि पोखराको दूरी करिव ९३ किमि रहेको छ भने आँबुखैरेनी-जामुने (४१.४५ किमि) पूर्वी खण्ड र जामुने-पोखरा (४५ किमि) रहेको छ। जामुने-पोखरा खण्ड विस्तारका लागि अनहुइ काइयुआनले निमार्णको जिम्मा पाएको हो। घनाबस्ती भएको स्थानमा सडकको चौडाइ ४१ मिटरसम्मको हुनेछ। विस्तारित सडक दुवैतर्फ ७-७ मिटरको हुनेछ। एउटा लेन साढे तीन मिटर चौडा हुन्छ।

# वडा नं १३ मा रोजगारको लागि जब फेयर

पोखरापत्र संवाददाता
पोखरा, १९ फागुन



पोखरा वडा नं. १३ कार्यालयले शुक्रवार आफ्नै परिसरमा जब फेयर मेला आयोजना गरेको छ। लायन्स र लियो क्लब अफ पोखरा सेन्टेनियलको सहकार्यमा एक दिने जब फेयर मेला गरिएको हो।

माछापुच्छ्रे बैंकका अध्यक्ष रोशन केसीले मेलाको उद्घाटन गर्दै फेयर कार्यक्रम राखेर वडाले सराहनीय काम गरेको बताउनु भयो। 'जब फेयरको आयोजना गरेर वडाले सराहनीय काम गरेको छ। वडा अध्यक्ष किरण बरालले वडामा रहेका कोहिपनि युवाहरु बेरोजगार हुन नपरोहस भन्दै जब फेयरको अवधारणालाई अगाडि सारेको भन्नु भयो। वडाध्यक्ष बरालले आगामी दिनमा पनि यस्ता कार्यक्रमले निरन्तरता दिइने बताउनु भयो। मेलामा विद्यार्थीदेखि स्थानीयसम्मका बाक्लो उपस्थित रहेकोथियो। अवलोकन गरेकाथिए। क्लब अफ पोखरा सेन्टेनियलका सचिव ऋषिकेश शेरचनले फेयरमा कलेजका विद्यार्थीले आफूले तयार पारेको सामाग्री प्रदर्शन गर्नुको साथै स्टल भिजिट पछि खुशी हुँदै बायो डाटा भरेका जानकारी गराउनु भयो। वडा अध्यक्ष बरालको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य सरिफ अलिमियाँले स्वागत र वडाका सचिव अञ्जु गुरुङले संचालन गर्नु भएको कार्यक्रम संयोजक सुचिता तामाङले पोखरात्रलाई बताउनु भयो।

## नेपालले...

मद्दतले सर्वाधिक ३१ रनको योगदान दिए। यसैगरी टिम भान डेर गुग्टेनले २४ रन जोडदा रोलोफ भान डेर मार्वीले अविजित २३ तथा कप्तान स्कट एड्वार्डसले १८ रन बनाए। नेपालका लागि प्रतिश जिसीले तीन विकेट लिए भने करण केसी र कुशल मल्लले समान दुई/दुई विकेट लिए। तेस्तै दीपेन्द्रसिंह ऐरीले एक विकेट लिए। यो जितसँगै चार खेलमा चार अङ्क जोडेको नेपालको फाइनल सम्भावना बलियो बनेको छ। त्यसैगरी पहिलो पराजय व्यहोरेको नेदरल्यान्ड्सको तीन खेलबाट चार अङ्क छ। नेपाल पहिलो खेलमा नामिवियासँग २० रन र दोस्रो खेलमा नेदरल्यान्ड्ससँग २ रनले पराजित भएको थियो। यसैगरी तेस्रो खेलमा नेपालले नामिवियालाई ३ रनले पराजित गरेको थियो। भोलि नेदरल्यान्ड्स र नमिवियाबीच खेल हुनेछ।

## पूर्वमन्त्री...

बढिरहे, योद्धाका रूपमा भूमिका निर्वाह गरिरहे। यी सबै विषयवस्तुलाई पुस्तकमा समावेश गर्ने प्रयत्न गरेकी हुँ।" पुस्तकलाई सहिद तथा बेपत्ता योद्धाहरूको जीवनीमात्र नभएर तनहुँ जिल्लाको जनयुद्धकालीन इतिहासका रूपमा लिन सकिने पुस्तकको प्रकाशकीयमा उल्लेख गरिएको छ।

प्रकाशकीयमा भनिएको छ, "इतिहास आफैँमा एउटा नितान्त जटिल र कष्टसाध्य विधा हो, इतिहास लेख्ने काम सजिलो हुँदैन। यसका लागि निकै सुक्ष्म र गहन अध्ययनका साथमा लामो र कठोर तपस्या जरुरी हुन्छ।"

तनहुँको जनयुद्धकालीन इतिहासलाई लिपिबद्ध गर्न सुरुआत गरिएको पुस्तकमा प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, कम्युनिष्ट नेता मोहन वैद्य, नेत्रविक्रम चन्दलगायतको शुभकामना सन्देश समावेश गरिएको छ। पुस्तक विमोचन गर्दै महासचिव गुरुङले सहिदको सपना पूरा गर्नुपर्नेमा जोड दिनुभयो। सहिदको बलिदान र योगदानले मुलुकमा गणतन्त्र स्थापना भएकाले यसको रक्षा गर्नु अहिलेको प्रमुख चुनौती भएको महासचिव गुरुङको भनाइ थियो।

सहिदको सपना साकार पार्नु मुख्य कार्यभार रहेकाले त्यसतर्फ सरकार र पार्टीको ध्यान गएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिलेको अवस्थामा समाजवादी क्रान्तिको विकल्प छैन, समाजवादी क्रान्ति सफल बनाउन सक्यौं भनेमात्र सहिद र बेपत्ता योद्धाहरूको सपना साकार हुनसक्छ।" प्राप्त उपलब्धिको रक्षा गर्दै समाजवादी क्रान्ति पूरा गर्ने बाटोमा अगाडि बढ्नुको विकल्प नभएको उहाँको भनाइ थियो।

शुक्लागण्डकी नगरपालिका-५ निवासी कोइराला विसं २०७० मा संविधानसभा सदस्य बन्नुभएको थियो। उहाँ विसं २०७४ मा महिला तथा बालबालिकामन्त्री बन्नुभएको थियो भने २०७४ सालमै गण्डकी प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको थियो।


## कोरोला...

हैसियतले कोरोला नाकालाई नियमित सञ्चालन गर्ने र त्यहाँको सडक निर्माणमा मेरो ध्यान गएको छ, आगामी सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटमा पनि यो विषय प्राथमिकताका साथ समेटिन्छ", उहाँले भन्नुभयो। प्रधानमन्त्री दाहालले मुलुकको आर्थिक समृद्धिका लागि धार्मिक पर्यटन महत्त्वपूर्ण आधार भएको बताउनुभयो। उहाँले कोरोला नाका सञ्चालनमा आउँदा आर्थिक गतिविधिसँगै पर्यटन आवागमनमा पनि उल्लेख्य वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। प्रधानमन्त्री दाहालले भौतिक विकासमा दौडिरहेको वर्तमान विश्वमा आध्यात्मिक चिन्तनको विकास गर्न नसके समाजमा स्थायी शान्ति प्राप्त नहुने धारणा राख्नुभयो। उहाँले संस्कारसहितको व्यावहारिक शिक्षामा जोड दिनुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

**सम्पादकीय**

# भरतपुरले लिएको बाटो

चितवनको भरतपुरमा स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरी भ्रमण वर्ष, २०२४ को उद्धाटन गरिएको छ । चितवन देशको मध्य भागमा रहेकोले मात्र होइन पर्यटकको आकर्षण पनि रहेको हुँदा पर्यटकीय नगरी बन्दै गएको छ । निजी क्षेत्रले पर्यटकको आकर्षण बढाउन गर्दै आएको गतिविधि र लगानीको स्थानीय सरकारको साथ सहयोग चाहिन्छ । स्थानीय सरकारले केन्द्रको समेत ध्यानाकर्षण गराउन ठूला दलका नेताहरूलाई एकैथलोमा ल्याउन सकेको छ । भरतपुर महानगरपालिकाको पहलमा सुरुवात गरिएको अभियानको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहित पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, शेरबहादुर देउवा, माधवकुमार नेपाल, झलनाथ खनाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका चितवनका सांसद रवि लामिछानेलगायतले 'घुमौँ भरतपुर' लेखेको ब्यानरसहितको बेलुन उडाएर भ्रमण वर्षको उद्धाटन गरेका छन । देशको नेतृत्व गरेका र फेरि गर्न सक्ने संभावना भएका नेतालाई चितवनको पर्यटनको विकासमा समान धारणा बनाउने माहोल बनाउनु भरतपुर महानगर प्रमुख रेनु दाहालको खुबी हो ।

भ्रमण वर्षको अवधिमा दुई लाख विदेशीसहित पाँच लाख पर्यटक भित्र्याउने उद्देश्य रहेको भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले योजना सुनाएकी छन । चितवन आउनका लागि यातायातको सहज उपलब्धता अनिवार्य हो । पर्यटकलाई ठूलो संख्यामा भित्र्याउने महत्त्वाकांक्षा छ त्यस अनुसारको संरचना र क्षमता पनि चाहिन्छ । उद्धाटनमा जस्तै भ्रमण बर्ष अवधिभर उत्तिकै खट्नुपर्छ। भ्रमण वर्षमा भित्रिने पर्यटक र उनीहरूले गर्ने खर्चका कारण महानगरको आर्थिक विकासमा ठूलो योगदान पुग्नेछ। पाँच दिनसम्म भरतपुरमा घुम्न सकिने पूर्वाधार र पर्यटकीय गन्तव्य विकास गरेको नगर प्रमुख रेनुको दावी व्यबहारमा दखिनेछ । भ्रमण वर्षले महानगरका गन्तव्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने, पर्यटकको संख्या र बसाइँ अवधि वृद्धि भई दिगो पर्यटनबाट समग्र चितवनकै विकासमा टेवा पुग्ने अपेक्षा राखिएको छ । त्यसका लागि सबै स्थानीय तह, निजी क्षेत्र र नागरिकको सहयोग महत्त्वपूर्ण हुन्छ ।

भ्रमण वर्षलाई सफल बनाउन महानगरले सांस्कृतिक अनेकता, भौगोलिक विविधता, प्राकृतिक अवस्था, भूबनोट आदिका आधारमा विभिन्न पर्यटकीय गन्तव्य छुट्याएको छ । भरतपुरसँग दुर्लभ वन्यजन्तु अवलोकन र पर्यापर्यटनका लागि विश्वमै चिनिएको चितवन राष्ट्रिय निकुञ्ज, दुई ठूला नदी राप्ती तथा नारायणी, सुन्दर पर्यटकीय नगरी मेघौली, गोलाघाट, पटिहानी, राइनोकुञ्ज आदि भरतपुरका प्रमुख पर्यटकीय क्षेत्र रहेको महानगरले जनाएको छ । भरतपुर भ्रमण वर्षलाई सफल बनाउन महानगरपालिकाको पहलमा देशका प्रमुख राजनीतिक दलका नेताहरूले उपस्थित भएर सामूहिक सन्देशसमेत दिएका छन् । भ्रमण वर्षको उद्धाटनमा उपस्थित प्रधानमन्त्री प्रचण्डले देशको प्रमुख पर्यटकीय गन्तव्यमध्येको एक भरतपुरमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउन महानगरपालिकाले थालेको अभियान सराहनीय भन्दै सबै प्रमुख दल र नेताहरूको राष्ट्रिय एकतासहितको सन्देशले भ्रमण वर्ष सफल बनाउन योगदान गर्ने बताए । 'पर्यटन विकासबाट सामाजिक तथा आर्थिक परिवर्तन ल्याउन भरतपुर महानगरपालिकाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छवि वृद्धि गर्न, प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक सम्पदाहरूको प्रचारप्रसार गरी पर्यटकको संख्या र बसाइ अवधि वृद्धि गर्ने उद्देश्यले भरतपुर महानगरपालिकाले निजी क्षेत्रसँगको सहकार्यमा पहिलोपटक आयोजना गर्न लागेको यस बृहत् प्रवर्द्धनात्मक अभियान 'भरतपुर भ्रमण वर्ष २०२४' पर्यटन प्रवर्द्धनमा एउटा ऐतिहासिक कदम हो ।

पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुरले निजी क्षेत्रको सहकार्यमा पर्यटन विकासका काम हुनुपर्छ भन्दै सरकारले सहयोग गर्ने आश्वासन दिएका छन । पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले चितवनलाई पर्यटन, शिक्षा र स्वास्थ्यको केन्द्र बनाउन सकिने सुझाव दिएका छन । उनले एक वर्षभित्र घुम्न आउने वाचा गरेका छन । म यहाँबाट भरतपुर घुम्न आउन अनुरोध गर्छु । गीतै छ नि, 'लौँ हिँड चितवन दुई दिनको जिन्दगी बिताउन..। यो सन्देश भाषणमा मात्रै सिमित नभइ व्यबहारमा देखिनुपर्छ। 'मध्य नेपालको महत्वपूर्ण थलो भरतपुर धेरै हिसाबले महत्वपूर्ण छ । यसलाई अन्तर्राष्ट्रिय पर्यटकको थलोसमेत बनाउन सकिन्छात्यसका लागि सडक र हवाई यातायातका लागि संघीय सरकारले काममा तल्लीन भएमा सभव छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : स्वस्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्दि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मिनी म्याराथनको उपाधि त्रिभुवन आर्मीका पाललाई

**रासस**
चीतवन, १९ फागुन

रोटरी क्लब अफ रत्ननगरले आयोजना गरेको रोटरी मिनी म्याराथनको उपाधि त्रिभुवन आर्मी क्लबका मुकेशबहादुर पालले हात पार्नुभएको छ । उहाँले निर्धारित दूरी १५ दशमलव चार किलोमिटरको दूरी ४६ मिनेट ३८ सेकेण्डमा पार गर्नुभयो ।

नारायणगढस्थित नारायणी नदी किनारबाट सुरु भएको दौड रत्ननगरको हरिहर मन्दिर पुगेर टुङ्गिएको थियो । पाललाई उपाधिसँगै नगद रु एक लाख, चाँदीको मेडल र प्रमाणपत्रसहित सम्मान गरियो । प्रतियोगितामा दोस्रो स्थानमा त्रिभुवन आर्मीकै सञ्जय श्रेष्ठ रहनुभयो । उहाँले निर्धारित दूरी ४६ मिनेट ४१ सेकेण्डमा पार गर्नुभयो । उहाँलाई रु ५० हजार, चाँदीको मेडल र प्रमाणपत्रसहित सम्मान गरियो ।

जुम्लाका दुर्गाबहादुर बुढाले ४६ मिनेट ४२ सेकेण्डमा निर्धारित दूरी पार गर्दै तेस्रो हुनुभयो । उहाँलाई रु २५ हजार, चाँदीको मेडल र प्रमाणपत्रले सम्मान गरियो । त्रिभुवन आर्मीका टङ्क कार्की चौथो र सुवास कार्की पाँचौं हुनुभयो । उहाँहरूले क्रमशः रु १० हजार र पाँच हजार प्राप्त गर्नुभयो । छैटौँदेखि १० औं स्थानसम्म क्रमशः नागेश्वर अहिर, प्रेमबहादुर बस्नेत, राजेन्द्र तामाङ, खिमबहादुर खत्री र धनु मानन्धर हुनुभयो । उहाँहरूले जनही रु तीन हजार प्राप्त गर्नुभयो । महिलातर्फको पाँच किमी दौडमा सशस्त्रकी फूलमती राना प्रथम हुनुभयो । उहाँले निधारित दूरी १८ मिनेट १६ सेकेण्डमा पार गर्नुभयो । उहाँलाई रु २० हजार, चाँदीको मेडल र प्रमाणपत्रले सम्मान गरिएको थियो । दोस्रो हुनुभएका त्रिभुवन आर्मीकी सुनसरी रोकायाले १८ मिनेट २७ सेकेण्डमा दूरी पार गर्नुभएको थियो । उहाँले नगद रु १० हजार, चाँदीको मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । सशस्त्रकी आशा राउत तेस्रो हुनुभयो । उहाँले निर्धारित दूरी १८ मिनेट ३३ सेकेण्डमा पार गर्नुभयो । उहाँले रु पाँच हजार, चाँदीको मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो ।

सशस्त्रकै सीमा चौधरी चौथो हुनुभयो । उहाँले रु तीन हजार, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । पाँचौं स्थानमा रहनुभएकी स्मिता बुढाले रु दुई हजार पाँच सय, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । छैटौं स्थानदेखि १० औं स्थानसम्म रहनुहुने क्रमशः अस्मिता भुजेल, नम्रता गुरुङ, वर्षा ओली, सन्ध्या अधिकारी र लक्षिमा डाँगीले रु एक हजार, प्रमाणपत्र र मेडल प्राप्त गर्नुभयो ।

खुल्लातर्फ चेपाङ समुदायका धावकलाई नगद रु दुई हजार र महिलातर्फ दूरी पार गर्ने रु एक हजारसहित सम्मान गरिएको थियो । उहाँहरूलाई रोटरी डिष्ट्रिक ३२९२ का गभर्नर राजेन्द्रप्रसाद ध्वजुले सम्मान गर्नुभयो । क्लबका अध्यक्ष हरिकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मिस नेपाल इन्टरनेशनल २०२२ न्यान्सी खड्का, कार्यक्रम संयोजक विपिन पोखेललगायतले भनाइ राख्नुभयो । प्रतियोगिताको उद्घाटनभरतपुरमहानगरपालिका प्रमुख रेनु दाहालले नारायणी नदी किनारमा गर्नुभएको थियो । उहाँले भरतपुर भ्रमण वर्षलाई टेवा पुर्याउन यस्ता कार्यक्रम महत्त्वपूर्ण रहेको बताउनुभयो । प्रतियोगितामा सात सय ६५ धावकले सहभागिता जनाएका थिए । जसमध्ये खुलातर्फ चार सय ९४ जनाको सहभागिता थियो । महिलातर्फ दुई सय ७१ जनाले सहभागिता जनाए । जसमध्ये खुलातर्फ ६८ र चेपाङ समुदायका धावक र महिलातर्फ ५४ जनाले सहभागिता जनाएको कार्यक्रमका संयोजक पोखेलले जानकारी दिनुभयो ।

# केपी ओली कपको उपाधि मच्छिन्द्रलाई

**रासस**
काठमाडौं, १९ फागुन

दोस्रो संस्करणको केपी ओली फुटबल कपको उपाधि मच्छिन्द्र फुटबल क्लबले जितेको छ । शनिबार यहाँस्थित दशरथ रङ्गशालामा भएको फाइनलमा न्यूरोड टीम (एनआराटी)लाई टाइब्रेकरमा पराजित गर्दै मच्छिन्द्रले लगातार दोस्रो पटक उपाधि चुमेको हो ।

निर्धारित ९० मिनेटको खेल गोलरहित बराबरीमा पुगेपछि विजेताको टुङ्गो टाइब्रेकरबाट लगाइएको थियो । टाइब्रेकरमा मच्छिन्द्रले ५-४ ले नतिजा आफ्नो पक्षमा पार्‍यो । एनआरटीका विवेक गुरुङको पेनाल्टी गोलपोस्टभन्दा परबाट बाहिरिएपछि एनआरटी उपविजेतामा चित्त बुझाउन बाध्य भयो ।

मच्छिन्द्रका लागि सनिश श्रेष्ठ, दिवाकर चौधरी, स्टेफन विनोङ, क्रिस्टोफर चिजोबा र देवेन्द्र तामाङले गोल गरे भने एनआरटीका लागि सरोज तामाङ, सञ्जीव विष्ट, अभिषेक लिम्बू र मोहित गुरुङले गोल गरेका थिए ।

उपाधि विजेता मच्छिन्द्रले रु ११ लाख र ट्रफी प्राप्त गर्‍यो भने उपविजेता एनआरटीले रु पाँच लाख प्राप्त गर्‍यो । राष्ट्रिय युवा सङ्घ नेपालको आयोजनामा भएको प्रतियोगितामा १० टोली सहभागी थिए ।


Free On-line English Course
REGISTER TODAY
on
www.worldenglishinstitute.org
Free English Classes at Lakeside Pokhara
with experienced American teachers,
Call on 9826139023
for more information


# बुटवलमा पोखरेलीको सानदार प्रदर्शन : अधिकांश मेडल पोखरालाई

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन




बुटवलमा सम्पन्न दोश्रो मेयर कप तथा छैटौं बुटवल ओपन टेनिस प्रतियोगितामा पोखरेली खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गरेका छन् । सो प्रतियोगिताबाट पोखराले महत्वपूर्ण पाँच स्वर्ण पदक भित्र्याएको छ ।

प्रतियोगिता अन्तर्गत मेन्स सिंगलमा पोखराका प्रदीप खड्काले रितिक रानालाई ६-३, ४-६ र ६-४ ले पराजित गर्दै उपाधि जिते । त्यस्तै पोखराकै अनिल शाहीले कमल भण्डारीलाई ७-५, ६-७ र ११-९ ले पराजित गर्दै स्वर्ण जिते ।

४५ वर्ष माथिको डबल्समा धरमबहादुर लामिछाने र गोपीबहादुर भट्टराईको जोडीले स्वर्ण पदक भित्र्याए । यो जोडीले रोहित सुनुवार र जोली तारगडको जोडीमाथि ७-५, ७-५ को नतिजा निकालेको थियो । त्यस्तै, लोक गुरुङ्ग र धरमबहादुर लामिछानेको जोडीले ५५ वर्ष माथिको डबल्समा स्वर्ण जिते । उनीहरुले फाइनल खेलमा बिमल वाइबा र हिमाल शाहको जोडीलाई ३-६, ७-५ र १०-६ ले पराजित गरेका थिए ।

३५ वर्ष माथिको डबल्समा अनिल शाही र सिमान्त गुरुङ्गको जोडीले सन्तोष खत्री र सन्जय श्रेष्ठको जोडीलाई ६-३, ६-३ ले पराजित गर्दै प्रथम स्थान हाँसिल गरे । मेन्स डबल्सतर्फ आशिष खड्का र आयुष्मान घले जोडीले स्वर्ण जिते । उनीहरुले सक्षम बिक्रम शाह र आर्यन गिरीको जोडीलाई ६-४, ६-२ को स्कोरमा पराजित गर्दै उपाधी जितेका हुन् । ४५ वर्ष माथि सिंगलतर्फ गोपीबहादुर भट्टराईले दोश्रो स्थान हाँसिल गरे । फाइनल खेलमा उनी कमल भण्डारीसंग ६-१, ६-१ ले पराजित हुन पुगेका थिए । जित पछि प्रतिक्रिया दिँदै कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक गुरुङले यो पोखराका लागि ऐतिहाँसिक सफलता भएको बताए । 'यो टुर्नामिण्टमा प्राप्त पदकले अब पोखरा टेनिसमा पछि छैन भन्ने प्रमाणित गरेको छ'-गुरुङले भने ।

# विद्यालयलाई एक करोड सहयोग जुट्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ फागुन

म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गास्थित धवलागिरि माविलाई रु एक करोड ११ लाख आर्थिक सहयोग जुटेको छ । दश जोड दुई तहको कक्षा सञ्चालनका लागि विद्यालयले सञ्चालन गरेको पूर्व शिक्षक, विद्यार्थी र शुभचिन्तकको पूनःमिलन अभियान मार्फत सो रकम सङ्कलन भएको हो ।

विसं २०७४ देखि थालिएको उक्त अभियानका संयोजक तथा पूर्व प्रधानाध्यापक डण्डपाणी सापकोटाले रु नौ लाख ६६ हजार प्राप्त हुन बाँकी रहेको जानकारी दिनुभयो । सङ्कलन गरेको रकमको ब्याजबाट कक्षा ११ र १२ को पठनपाठन सञ्चालन गरिएको उहाँले बताउनुभयो । गाउँकै विद्यालयमा दश जोड दुईको पठनपाठन सञ्चालन भएपछि विपन्न बालबालिकालाई पढ्नका लागि डेरा लिएर बस्नुपर्ने समस्या हटेको छ । दुई सय ४९ जनाले सहयोग घोषणा गरेकामा हालसम्म दुई सय सात जनाबाट सहयोग प्राप्त भएको छ । बेनी नगरपालिका-४ बास्कुना घर भई हाल न्युजिल्याडमा रहनुभएका लालबहादुर केसीले सबैभन्दा बढी रु २५ लाख सहयोग गर्नुभएको संयोजक सापकोटाले जानकारी दिनुभयो । गैरआवासीय नेपाली सङ्घ(एनआरएनए)न्युजिल्याण्डका अध्यक्षसमेत रहनुभएका उहाँले हजुरआमा गौमति खत्रीको स्मृतिमा सो रकम सहयोग गर्नुभएको हो ।

विद्यालयमा हाल करिब दुई सय ५० विद्यार्थी अध्ययनरत छन् । श्रवण क्षमता नभएका बालबालिकालाई लक्षित गरेर बहिरा स्रोत कक्षा पनि सञ्चालनमा रहेको विद्यालयका प्रधानाध्यापक भुवन रेग्मीले बताउनुभयो ।

# ओमकार गौचन स्मृति पत्रकारिता पुरस्कार चोखाललाई

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ फागुन

नागरिक सञ्चार प्रालिद्वारा स्थापित 'ओमकार गौचन स्मृति पत्रकारिता पुरस्कार-२०८०'बाट बागलुङको सामुदायिक रेडियो गलकोट एफएमका सम्पादक एवं गलकोटपत्र साप्ताहिकका कार्यकारी सम्पादक वीरबहादुर चोखाल सम्मानित हुनुभएको छ ।

बागलुङमा आयोजित 'नयाँ विश्व' अनलाइन पत्रिकाको सातौं वार्षिकोत्सव समारोहमा वरिष्ठ अधिवक्ता काजी गाउँले श्रेष्ठले रु १० हजार राशिको सो पुरस्कार पत्रकार चोखाललाई समर्पण गर्नुभएको हो ।

विसं २००८ मा प्रकाशित बागलुङको पहिलो हस्तलिखित पत्रिका 'सही बाटो'का सम्पादक/प्रकाशक ओमकार गौचनका नाममा स्थापित सो पुरस्कार दोस्रोपटक पत्रकार चोखाललाई प्रदान गरिएको हो ।

यसअघि उक्त पुरस्कारबाट राष्ट्रिय समाचार समिति (रासस) का प्रधानसम्पादक एकराज पाठक सम्मानित भइसक्नुभएको छ। ग्रामीण भेगबाट पत्रकारिताको विकास र उत्थानमा योगदान गरेबापत पत्रकार चोखाललाई पुरस्कृत गरिएको प्रालिका सचिव मुकेशचन्द्र राजभण्डारीले बताउनुभयो ।

पत्रकार चोखालले विसं २०५६ मा महिमा साप्ताहिकबाट पत्रकारिता सुरु गर्नुभएको थियो । २४ वर्षदेखि अनवरतरूपमा पत्रकारिता क्षेत्रमा पुर्‍याएको योगदानको कदरस्वरुप चोखाललाई सम्मानित गरिएको 'नयाँ विश्व'का सम्पादक रहनुभएका राजभण्डारीले बताउनुभयो । सोही समारोहमा बागलुङकोताराखोलागाउँपालिका-१ स्थित जनप्रेम माध्यमिक विद्यालयका प्रधानाध्यापक नइन्द्रबहुदर गुरुङलाई 'नयाँ विश्व सम्मान' प्रदान गरिएको थियो । विसं २०६० देखि सो विद्यालयको प्रधानाध्यापक पदमा रही विद्यालयको शैक्षिक गुणस्तर सुधार र भौतिक विकासमा कुशल नेतृत्व प्रदान गरेको भन्दै गुरुङलाई सम्मान गरिएको नागरिक सञ्चार प्रालिका अध्यक्ष माधव शर्माले बताउनुभयो । वार्षिकोत्सवका अवसरमा संस्थाका उत्कृष्ट कर्मचारी, विज्ञापनदाता लगायतलाई सम्मान गरिएका थियो ।

# एसियन ग्यापिटङ च्याम्पियनशिपका लागि नेपाली टोली भारत प्रस्थान

**रासस**
काठमाडौं, १९ फागुन

एसियन ग्यापिटङ च्याम्पियनशिपका लागि नेपाली टोली शनिबार भारत प्रस्थान गरेको छ । वर्ल्ड ग्यापिटङ फेडेरेसनले आयोजना गरेको उक्त च्याम्पियनशिप भारतको हिमाञ्चल प्रदेशस्थित सिम्लामा मार्च ३ देखि १० तारिखसम्म हुँदैछ ।

राष्ट्रिय खेलकुद परिषद्का अनुसार नेपाली टोलीमा सबिन गुरुङ, शक्तिकुमार गुरुङ, विजय गुरुङ, डम्बरबहादुर पुर्वाछाने र दीपेश पुन मगर खेलाडी रहेका छन् ।

अ ि प ॢ ि स य ल म ा महेश थापा, साथै प्रशिक्षक भीष्मराज थपलिया रहनुभएको छ । परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले नेपाली टोलीलाई शुभकामनासहित बिदाइ गर्नुभएको थियो । प्रशिक्षक थपलियाले उक्त च्याम्पियनशिपमा सात देशका २० टोली सहभागी हुने जानकारी दिनुभयो । "यसभन्दा अगावै अन्तरराष्ट्रिय ग्यापिटङ फेडेरेसनले आयोजना गर्दै आएको वर्ल्ड कपमा नेपालले सहभागिता जनाउँदै आएको थियो, यस वर्ष वर्ल्ड ग्यापिटङ फेडेरेसनले एसियन ग्यापिटङ च्याम्पियनशिप आयोजना गरेको छ, त्यसमा नेपालले पहिलोपटक सहभागिता जनाउने भएको हो", उहाँले भन्नुभयो ।

उहाँका अनुसार नेपालले विगतमा प्रत्येक वर्ष राष्ट्रिय टोली छनोट गरी वर्ल्ड कपमा विभिन्न देशमा सहभागिता जनाउँदै आएको थियो ।

# नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशको बैठक सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन



नेपाल सुनचाँदी व्यबसायी महासंघ गण्डकी प्रदेशको बैठक चन्द्र किशोर गौतमको सभापतित्वमा बसी प्रदेश सुनचाँदी ब्यवसायी महासंघको चौथो साधारणसभा तथा दोश्रो अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको छ।

बैठकमा केन्द्रीय महासंघका उपाध्यक्ष निर्मल बिश्वकर्माले स्थापनाको समयमा संयोजकको रुपमा रहे त्यति काम हुन सकेन, प्रथम अधिवेशन पछि कोविड १९- को दोश्रो चरणको महामारी मा काम गर्ने त्यति सहज भएन। अब हामी दोश्रो अधिवेशनको संघारमा छौ अब बन्ने टिमले थाती रहेका सबै काम गर्नुपर्ने छ। यसैगरी उपाध्यक्ष दुर्गा बहादुर सुनारले निकै मिहिनेत पुर्वक महासंघ निर्माण गरि जिल्ला जिल्लामा गई संघहरु निर्माण गरियो अहिले जिल्ला सबल सक्षम भई रहेका छन् लगत्तै प्रदेश पनि सक्षम बनाउनु पर्छ। ब्यवसायीका सबै समस्या समाधान गर्ने तर्फ लाग्नुपर्छ।अरु प्रदेशको तुलनामा गण्डकी प्रदेशले धेरै काम गरेको छ। केन्द्रीय महासंघले पुरस्कृत गर्नुपर्ने काम भएका छन।सबै जिल्ला लाई समेटेर अझै अगाडि बढ्न अनुरोध गर्दछु भन्नुभयो। अधिबेशन सम्पन्न गर्न विभिन्न उपसमिति हरु निर्माण गरिएको छ उप सभापति जीवन बिश्वकर्मा को संयोजकत्वमा व्यवस्थापन समिति उप सभापति कृष्ण बिश्वकर्माको संयोजकत्वमा प्रतिनिधि व्यबस्थापन समिति सचिव रविन बिश्वबर्माको संयाजकत्वमा मुल्याङ्कन पुरस्कार समिति, कोषाध्यक्ष नेत्र बहादुर बिश्वबर्माको संयोजकत्वमा आर्थिक समिति सहसचिव पर्व बिश्वकर्माको संयोजकत्वमा अतिथि सत्कार समिति सदस्य सन्तोष सुनारको संयोजकत्वमा मायाको चिनो ब्यवस्थापन समिति चयन गरिएको छ। उक्त कार्यक्रममा महासंघका सदस्य कृष्ण सुनारले ब्यवसायिका लागि निरन्तर लाग्दा केही गर्न सकिन्छ तर महासंघ र प्रदेश मिलेर जादा ब्यवसायीका हकहितमा र समस्या छिटो समाधान हुदाँ बलियो प्रदेश बनाउनु पर्छ भन्नुभयो। महासंघ सदस्य निर्मल दियालीले अब पनि चुप लागेर बस्ने समय छैन कोविडको असर र आर्थिक मन्दिको कारण ब्यवसाय धरापमा छ। सरकारले ब्यवसायीका समस्या छिटोभन्दा छिटो समाधान गर्नुपर्छ भन्नुभयो। यसैगरी सभापति चन्द्र किशोर गौतमले हामी प्रदेश समिति एक मतले अगाडि बढ्दै छौं ब्यबसायीले ब्यवसाय संचालन गर्दा चाहिने कच्चा पदार्थ निर्वाद रुपले पाउनुपर्छ र प्रदेश महासंघ बाट नै समानुपातिक रुपमा बितरण गर्नुपर्छ।नीति नियम र व्यवसायी निर्देशिका,ज्याला जर्ति स्वदेशी कालिगढ लाई तालिम बिदेशी कालिगढ ब्यवस्थित गर्नुपर्छ यसका लागि सरकारसँग मिलेर कार्य गर्ने बताउनुभयो चैत्र ३ गते प्रदेशको अधिवेशन तय भएको छ।कार्यक्रम संचालन रविन बिश्वकर्माले गर्नुभयो भने स्वागत मन्तव्य कृष्ण बिश्वकर्माले गर्नुभएको थियो।

# समाज सेवा युवा क्लबको सर सफाई कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन



समाजसेवा युवा क्लबको वृहत सर सफाइ कार्यक्रम सम्पन्न भएको छ।

आउदै गरेको महाशिवरात्रीको पावन अवसरमा पोखरा ७ मासबारको क्लब, पुष्करेश्वर शिव मन्दिर तथा परापुर्वकाल देखि नै शिव ध्वनी निमार्ण गरिदै आएको श्री कृष्ण माध्यमिक विद्यालयको खेल मैदान परिसरमा सरसफाई गरिएको हो। सरसाफाई कार्यक्रममा वडाको तर्फबाट पञ्जा हस्तान्तरण गर्दै पोखरा ७ का वडा अध्यक्ष राम मोहन आचार्यले समाजलाई अगाडी बढाउन सबै सघंसस्था क्रियाशिल हुनु पर्ने बताए। क्लबको नयाँ नेतृत्वले सरसफाई मार्फत सामाजिक कार्यको शुभारम्भ गरेकोमा खुसी व्यक्त गर्दै वडा मार्फत गर्नुपर्ने सबै साथ र सहयोग हुने बताए।

वडा सदस्य अर्जुन बहादुर थापाले सामाजिक कार्यमा सबै एकतावद्ध हुनुपर्ने बताउदै सरसफाई कार्यलाई निरन्तरता दिन आग्रह गरे। कार्यक्रमलाई श्री कृष्ण माध्यमिक विद्यालय व्यवस्थापन समिति, पुष्करेश्वर शिव मन्दिर व्यवस्थापन समिति, मासबार आमा समुह, महिला विकासका लागि आमा समुह, महिला क्लब पोखरा, पोखरीपाटन टोल विकास संस्था, सुगम गहन टोल विकास संस्था, शान्तिनगर टोल विकास संस्था लगाएतका मासबार क्षेत्रका संघ सस्थाहरुले ऐक्यवद्धता जनाएका थिए। कार्यक्रमको समापनका क्रममा सरसफाई कार्यक्रमा सहभागी सम्पुर्ण सघं सस्था तथा अग्रज व्यक्तित्वहरुलाई धन्यवाद व्यक्त गर्दै क्लबका अध्यक्ष मधु अधिकारीले समाज सेवा युवा क्लव सबै सघंसस्था संग हातेमालो गर्दै युवाहरुलाई जागरुक गराउदै सामाजिक कार्यमा क्रियाशिल रहन तयार भएको बताए। कार्यक्रमको संचालन क्लबका सचिव दिपिका पराजुलीले गरेकी थिइन। सरसफाईका क्रममा ५० बोरा प्लाष्टिक जन्य लगाएतका फोहोर संकलन भएको थियो।

# पञ्चकोटले दिइरहेको राष्ट्रिय सन्देश

**पोखरापत्र संवाददाता**
बलेवा, १९ फागुन

गण्डकी प्रदेशको प्रसिद्ध धार्मिक पर्यटकीय क्षेत्र बागलुङको सर्वसिद्धिधाम पञ्चकोट क्षेत्रको पूर्वाधार निर्माण, विश्वकै अग्लो कलश निर्माण गर्ने र त्यसबाट धार्मिक पर्यटक भित्र्याउने लक्ष्यका साथ गत फागुन ९ गतेदेखि ब्रह्माण्डीय महायज्ञको बाटो रोजिएको छ। फागुन २३ गतेसम्म सञ्चालन हुने महायज्ञमा कथा वाचन, पाठपरायणलगायत गतिविधि निरन्तर भइरहेका छन्।

विसं २०७१ मा महायज्ञमार्फत धार्मिक संरचना तयार हुँदै आएको पञ्चकोटमा महत्वकाङ्क्षी योजना सम्पन्न हुँदैछन्। यहाँ अहिलेसम्म रु ५० करोड बढीका संरचना बनिसकेका छन्। त्यसबाहेक अग्लो कलश बनाउने अभियान अझै जारी छ। झण्डै रु पाँच अर्बको योजनामा यहाँ भइरहेका सबै काममा महायज्ञ, धनधान्याञ्चल र स्थानीयको दानमुठीकैभर छ। केही पूर्वाधार निर्माणका क्षेत्रमा स्थानीय र प्रदेश सरकार जोडिएको पञ्चकोटका परिकल्पनाकार स्वामी कमलनयनाचार्यले बताउनुभयो। उहाँका अनुसार अधिकांश काम महायज्ञका लागि दानमुठी गरिएको रकमबाटै भएका छन्।

फागुनको १० गते राष्ट्रपति रामचन्द्र पौडेलले महाघण्टको उद्घाटन गर्नुभयो। त्यसयता पञ्चकोटमा देशका विभिन्न क्षेत्रका विज्ञ, सङ्घ, प्रदेश र स्थानीय सरकारका प्रतिनिधि तथा देश विदेशका पर्यटन प्रवर्द्धकको बाक्लो उपस्थिति भइरहेको छ। पञ्चकोटमा महायज्ञ मात्रै भइरहेको छैन। १५ दिन लामो महायज्ञको कर्मकाण्डबाहेक हरेक दिन राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरले चासो राख्नेगरी सन्देशहरू प्रवाह भइरहेका छन्।

महायज्ञमा हरेक दिन फरक विषयका विज्ञको सम्मेलनले सन्देश प्रवाह गरिरहेका हुन्। पहिलो दिन फागुन ९ गते जल, ऊर्जा, विकास तथा वातावरण सम्मेलन भयो। जलसम्पदा जोगाउन विज्ञले अनुनय गरे। त्यो मात्रै होइन जलकै कारण विश्वयुद्धको सम्भावना औंल्याइयो। जुन विषय देशविदेशमा रहेर जलसम्पदाको चासो राख्नेका लागि मुख्य विषय बन्यो। फागुन ११ गते राष्ट्रिय शिक्षा प्रणालीको कार्यान्वयन सम्मेलन भयो। विज्ञले शिक्षा नीतिमै सुधारको आवश्यकता औंल्याए। "महायज्ञको उद्देश्य एउटा पाटो हो, महायज्ञ अवधिमै भएका विज्ञ सम्मेलनले निकै राम्रो र दीर्घकालीन सन्देश दिएका छन्", पूर्वसांसद तथा पञ्चकोट क्षेत्रकै स्थानीय इन्द्रलाल सापकोटाले भन्नुभयो, "विकाससँगै भइरहेका विनाशका विषय पनि पञ्चकोटले सम्झाएको छ। यसमा सरोकारवाला गम्भीर हुन जरुरी छ।" महायज्ञ अवधिमा फागुन १२ गते गण्डकी विकासको अवधारणा र कार्यान्वयन सम्मेलन, फागुन १३ गते प्रादेशिक राजनीति र सुशासन सम्मेलन भएको छ। फागुन १४ गते राष्ट्रिय सुरक्षा प्रणाली, न्यायिक पद्धति कार्यान्वयन सम्मेलन, फागुन १५ गते आत्मनिर्भरमुखी राष्ट्रिय कृषि, फागुन १६ गते योग तथा खेल, फागुन १७ गते पूर्वीय चिकित्सा पद्धति र जनस्वास्थ्य विकास, १८ गते राष्ट्रिय अर्थतन्त्रको विकास र वित्तीय संस्थाको योगदान सम्मेलन भइसकेको महायज्ञ मूल संयोजक कमलनयनाचार्यले जानकारी दिनुभयो। आज समावेशीताको सिद्धान्त र महिलाको क्षमता विकास सम्मेलन, फागुन २० गते भाषा, साहित्य र संस्कृति संरक्षण सम्मेलन हुनेछ। फागुन २१ गते समाजसेवा र समाजसेवीको प्रभावकारिता सम्मेलन, फागुन २२ गते प्राकृतिक स्रोत संरक्षण र वातावरण सम्मेलन तथा फागुन २३ गते वैदिक सनातन तथा बौद्ध धर्म र धार्मिक संस्थाको संरक्षणसम्बन्धी सम्मेलन हुने संयोजक कमलनयनाचार्यले बताउनुभयो। महायज्ञले देशको अहिलेको अवस्था चित्रण गर्ने र बिग्रेका विषय सुधार गर्न सरोकारवालालाई सन्देश दिने उहाँले बताउनुभयो। ब्रह्माण्डीय महायज्ञ अहिलेसम्म नेपालमा नभएको र बागलुङमा पहिलोपटक भएको हो। ब्रह्माण्डीय महायज्ञ केबल धार्मिक कार्यक्रम मात्र नभई जल जोगाउन राष्ट्रिय आह्वान भएको कमलनयनाचार्यले बताउनुभयो। पञ्चकोटमा भएका सम्मेलनले जल, ऊर्जा, विकास तथा वातावरण, देश विकासको अवधारणा र कार्यान्वयनका साथै राजनीति र सुशासनका विषय सन्देश दिइरहेका छन्।

पन्ध्र दिनसम्म चल्ने महायज्ञमा २५ फिट अग्लो मौलो २१ हजार कर्ताबाट धान अर्पण गरेर पुरिनेछ। एक सय ५१ फिट अग्लो कलशमा करिब एक हजार पाँच सय व्यक्ति अटाउने गरी निर्माण भइरहेको छ। कलश निर्माणका लागि ४० फिट जमिनमुनिबाट फाउन्डेसन तयार पार्ने काम भइसकेको छ।

# खिलाङका महिलाहरुलाई तीन दिने उद्घोषण तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन



मादी गाउँपालिका वडा नं. १ खिलाङका महिलाहरुलाई ३ दिने नेतृत्व विकास तालिम प्रदान गरिएको छ। वडा नं. १ को आयोजनामा बुधबार देखि सुरु भएको उक्त तालिम औपचारिक रुपमा शुक्रबार सम्पन्न भएको हो।

समापन कार्यक्रममा बोल्दै वडा नं. १ का वडाध्यक्ष देविजंग गुरुङले ग्रामिण क्षेत्रका अधिकांश महिलाको दिनचर्या चुलोचौको र घरधन्दामै वित्ने गरेको र त्यहि दैनिकीलाई माथी उठाएर नेतृत्वदायी भुमिकामा सक्षम बनाउन प्रयास स्वरुप ३ दिने तालिमको आयोजना गरिएको बताए। उनले वडा नं. १ का वडाबासीले आफुलाई जिताएर पठाएकोले वडा भित्रका हरेक समस्याको सम्बोधन गर्नु आफ्नो कर्तव्य भएको बताए। उनले अवसर,सम्भावना र सेवालाई समान रुपले वडा भित्रका प्रत्येक समुदाय र भुगोलमा पुऱ्याउन हरपल पर्यत्न गरिरहेको बताए।

सोही अवसरमा खिलाङ आमा समुहका अध्यक्ष सुकुनादेवी गुरुङले आफ्नो परिचय भन्न पनि लजाउने खिलाङका महिलाहरुको समस्यालाई सम्बोधन गरि ३ दिने नेतृत्व तालिम आयोजना गरेकोमा धन्दवाद दिनुका साथै आगामी दिनहरुमा सिपमुलक तालिमहरु पनि प्रदान गर्न आग्रह गरिन्। उनले खिलाङका महिला मेहनती र सिपयुक्त भएकोले यसलाई व्यवसायसंग जोड्न आवश्यक रहेको बताईन्।

सोही अवसरमा ६९ वर्षकी चिज कुमारी गुरुङले सुरुको दिनमा जीवनमै पहिलो पटक अगाडी आएर माईक समाएर बोल्दा डर लागेको तर अहिले आफ्नो परिचय सम्म भन्न सक्ने आत्मविश्वास बढेकोमा खुसि व्यक्त गरिन्। त्यसैगरि अर्का प्रशिक्षार्थी रविना विकले महिलाहरु बोल्न नसक्दा घरेलु हिंसा,सामाजिक हिंसा,लैङगिक हिंसाको शिकार हुने भएकोले तालिमबाट हामी आफ्ना कुरा व्यक्त गर्ने सक्ने हुनुपुर्दछ भन्ने महसुस भएको बताईन्।

दलित र गुरुङ समुदायका गरि ५० जना भन्दा बढी सहभागी महिलाहरुलाई दुर्गा रानामगर र कविता घर्तीमगरले प्रशिक्षण दिएका थिए। समुहका सचिव डिलमाया गुरुङले सञ्चालन गरेको समापन कार्यक्रममा वडा सदस्य प्रेम बहादुर गुरुङ,माया भुजेल लगाएतको उपस्थिती रहेको थियो।

# हावाहुरी र लम्पी स्किनबाट प्रभावित किसानलाई गाउँपालिकाको राहत

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ फागुन

बागलुङको तमानखोला गाउँपालिकाले विभिन्न प्रकोपबाट प्रभावित बनेका किसानलाई राहत दिन थालेको छ। गाउँपालिकाले लम्पी स्किन र हावाहुरीबाट प्रभावित किसानलाई राहत दिन थालेको हो।

गत असारमा फैलिएको लम्पी स्किन रोगबाट करिब तीन पशुचौपाया मरेका थिए भने भदौ १८ गतेको हावाहुरीले सात सय रोपनी क्षेत्रफलमा लगाइएको मकै बाली नष्ट भएको थियो। गाउँपालिकाले लम्पी स्किन सङ्क्रमणबाट मरेकाप्रति पशुको रु दुई हजार पाँच सय र हावाहुरीबाट क्षति व्यहोरेका प्रतिकिसानलाई एक/एक मुरी मकै उपलब्ध गराउन थालेको छ।

गाउँपालिकाका पशु शाखा प्रमुख यामकुमारी घर्तीले पालिका भर दुई सय ९५ पशुचौपाय लम्पी स्किन सङ्क्रमणबाट मरेको हुँदा तथ्याङ्क सङ्कलन गरेर राहत वितरण भइरहेको बताउनुभयो। पहिलो चरणमा दुई सय ५६ किसानलाई रु छ लाख ४० हजार उपलब्ध गराइसकिको जनाउँदै बाँकी ३९ जनालाई वितरण गर्ने प्रक्रियामा रहेको घर्तीले बताउनुभयो।

लम्पी स्किन सङ्क्रमणबाट सबैभन्दा बढी गोरु मरेको जनाउँदै गाई र भैंसीमा पनि यो समस्या देखिएपछि गाउँपालिकाले समयमै सङ्क्रमण नियन्त्रणमा लिन सफल भएको उहाँले बताउनुभयो। सङ्क्रमणबाट पुश गुमाएका किसानलाई गाउँपालिकाले कूल रु सात लाख ३७ हजार पाँच सय उपलब्ध गराएको प्रमुख घर्तीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "लम्पी स्किन सुरुमा खासै फैलिएको थिएन, पछि-पछि फैलिँदै गयो, गाउँपालिकाले तत्कालै त्यसविरुद्ध खोप लिएर बुकीसम्म पुगेर लगाएको थियो, खोप लगाएपछि सङ्क्रमण नियन्त्रणमा आयो, ठूलो क्षति हुन पाएन, पशुचौपाया मरे पनि हामीहरू किसानको गोठमै गएर तथ्याङ्क सङ्कलन गऱ्यौं र अहिले राहत दिएका छौं, ३९ किसानलाई केही दिनमै दिने तयारीमा छौं।" गाउँपालिकाका कृषि शाखा प्रमुख सन्देश पराजुलीले हावाहुरीबाट प्रभावित पाँच सय किसानलाई राहत दिने तयारीमा रहेको बताउनुभयो। प्रतिपीडितलाई गाउँपालिकाले एक/एक मुरी मकै वितरण गर्ने उहाँको भनाइ छ। गाउँपालिकाले स्थानीय जातको मकै वितरण गर्ने पराजुलीले बताउनुभयो। उहाँका अनुसार पाँच सय किसानलाई पाँच सय मुरी मकै वितरण गरिने छ।

गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले किसानको समस्यालाई थोरै भए पनि समाधान गर्नका लागि राहत दिन थालिएको बताउनुभयो। पालिकाले कृषि क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर काम गर्दै आएको उहाँको भनाइ छ। किसानलाई समय-समयमा समस्या पर्ने हुँदा बाली बीमा, पशु बीमालगायत कार्यक्रम सञ्चालन गर्न थालेको अध्यक्ष बुढा मगरले बताउनुभयो।

# स्टेप बाई स्टेप मा. वि. मा शैक्षिक प्रदर्शनी, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

स्टेप बाई स्टेप मा. वि. मासवार, पोखरामा शैक्षिक प्रदर्शनी, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। वर्षभरि भएका खेलकुद, अतिरिक्त क्रियाकलाप र २०७९ सालमा कक्षाका उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो। कार्यक्रममा विद्यार्थीहरूले गीत, नृत्य, कविता कमेडी पनि प्रस्तुत गरेका थिए।

कार्यक्रममा कक्षा २ देखि १२ सम्मका विद्यार्थीहरूद्वारा तयार पारिएका विभिन्न शैक्षिक सामग्रीहरू प्रदर्शन गरिएको थियो। विद्यार्थीले पुस्तकमा पढेका ज्ञानलाई व्यवहारमा उतार्न सकुन् भनी विद्यालयले शैक्षिक प्रदर्शनी गरेको थियो विज्ञान, सामाजिक शिक्षा, भाषा, गणित र कलाका २ सय बढी सामग्री प्रदर्शन गरिएको थियो। विद्यार्थीले रोवर्ट, केवलकार, सोलार सिस्टम, हाइड्रो पावर, इकोसिस्टम, विभिन्न किसिमका घर, हिमाल, पहाड, विभिन्न साधारण मेसिनहरू बनाएका थिए। कार्यक्रममा प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले घर पहिलो विद्यालय र अभिभावक पहिलो गुरु भएको प्रसङ्ग उठाउँदै सचेत, जागरुक र असल अभिभावक भएमा मात्र विद्यार्थी असल र जेहेन्दार हुने कुरा बताए। विद्यार्थीलाई जिज्ञासु, लगनशील, जेहेन्दार र सक्षम बनाउन शिक्षक र विद्यालयको ठुलो भूमिका रहने कुरा बताए। साथै उनले स्टेप बाई स्टेप मा.वि. यस क्षेत्रको पुरानो र राम्रो विद्यालय रहेको पनि बताए। कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर ७ का अध्यक्ष राममोहन आचार्यले स्टेप बाई स्टेप मा.वि. यस वडाको उत्कृष्ट संस्थागत विद्यालय रहेको र यसले वडाको शैक्षिक तथा अन्य सामाजिक विकासमा पनि सहयोग पुऱ्याएकामा खुसी व्यक्त गरे। विद्यालयका संस्थापक/प्रधानाध्यापक निर्मला बरालले गुणस्तरीय शिक्षा प्रदान गरी सक्षम र योग्य नागरिक निर्माणमा आफूहरूले कुनै कसर बाँकी नराखेको बताउँदै सोहीअनुसार नै यहाँबाट विद्यार्थी योग्य सक्षम र सफल नागरिक बनेकामा खुसी प्रकट गरिन्। विद्यालयले भौतिक सुविधा, खेलकुद, अतिरिक्त क्रियाकलाप, सङ्गीत, नृत्य, कला आदि प्रदान गरी विद्यार्थीको सर्वाङ्गीण उन्नतिमा जोड दिएको कुरा बताइन्। विद्यालयका संस्थापक निर्देशक रमाकान्त बरालले गुणस्तरीय शिक्षा प्रदान गर्नु आफ्नो मूल उद्देश्य रहेको र आफू त्यसैमा समर्पित रहिरहेको कुरा बताए। कार्यक्रममा कार्यालय सञ्चालन तथा लेखा विषयमा उत्कृष्ट जी.पी. ल्याएकामा उत्कृष्ट शिक्षकका रूपमा विद्यालयका सहायक प्रधानाध्यापक दीपक गिरीलाई सम्मान गरिएको थियो। विद्यालयका सहायक प्रधानाध्यापक दीपक गिरी, विद्यार्थीहरू राशिका श्रेष्ठ र अस्मिता मगरले पनि कार्यक्रममा मन्तव्य राखेका थिए भने पूर्व जिल्ला शिक्षा अधिकारी रमेश पौडेल, समाजसेवी टेकनाथ आचार्य, विद्यालय व्यवस्थापन समिति सदस्य रामचन्द्र उपाध्याय, समाजसेवी गोपाल बराल, नारायण बराल, रविराज बरालले पुरस्कार वितरण गरेका थिए।